**कोशी प्रदेश सरकार**

**पर्यटन, वन तथा वातावरण मन्त्रालय**

**वन निर्देशनालय**

# जिल्ला वन पैदावार आपूर्ति समिति, मोरङ

**विराटनगर, नेपाल**

अध्यक्ष

**मिति :** २०८३/०२/२८

**विषय :** गोलिया चिरानको सहउत्पादन लिलाम बिक्री सम्बन्धि सूचना ।

यस समितिको आ.व. २०८२/०८३ को स्विकृत वार्षिक कार्ययोजना बमोजिम स्थानीय जनतालाई सहुलित दरमा चिरान काठ उपलब्ध गराउने प्रयोजनको लागि नियमानुसार काठ चिरान हुँदा उत्पादन भएका निम्न अनुसारका सह उत्पादन बस्तुहरु बोलपत्र प्रक्रियाबाट लिलाम बिक्रि गर्नुपर्ने भएकोले निम्न अनुसार न्यूनतम मूल्य कायम गरिएको हुँदा उक्त सह उत्पादन बस्तुहरु आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्र प्रकियाबाट बढाबढ गराई लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तपशिलमा उल्लेखित मिति र समय भित्र बोलपत्र खरीद तथा दाखिलाका लागि आह्वान गरिन्छ ।

**१. वन पैदावारको विवरण**

**तपसिल**

| सि. नं | कार्यालय | लट नं | काठ संकलन आ.व. | किसिम | ग्रेड | थान | वन पैदावारको परिमाण क्विन्टलमा | न्यूनतम दर प्रति क्विन्टल | न्यूनतम मूल्य रु. | घाटगद्दि स्थान | काठको श्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला वन पैदावार आपूर्ति समिति, मोरङ | 3 | 2082/083 | भुस (क्वीन्टल) | | 1 | 60.00 | 120 | 7200.00 | चन्द्र स-मिल, विराटनगर ४ | काठ चिरान हुदा निस्किएको सह उत्पादन वस्तुहरु (वाकल र स्ट्रीप, अन्साइज, रिजेक्टेड करी एवं भुस समेत) |
| | | | | साल वाकल (क्वीन्टल) | | 1 | 500.00 | 745 | 372500.00 | | |
| | | | | साल-स्ट्रीप, अन्साइज, | | 1 | 300.00 | 3292 | 987600.00 | | |
| | | | | **जम्मा** | | **3** | **860.00** | | **1367300.00** | | |

२) **गोरखापत्र** दैनिक पत्रिकामा सूचना प्रकाशन भएको मिति २०८३।०२।२८ ले २१ (एकाइस) औं दिन मिति २०८३।०३।१७ गते सम्म यस कार्यालय र वन निर्देशनालय, धरानबाट तोकिएको मूल्य (फिर्ता नहुने गरी) तिरी बोलपत्र खरिद गर्न सकिने छ । बोलपत्र खरीद गर्न ईच्छुक ब्यक्ति/फर्म वा कम्पनीका प्रोप्राईटरले बोलपत्र खरीद गर्न दिईएको निवेदनको साथमा **नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपी, फर्म दर्ताको प्रमाणपत्र प्रतिलिपी, स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, काठ, दाउरामा आधारित उद्योग सूचीकृत प्रमाणपत्रको प्रतिलिपी र अध्यावधिक भएको कागजात, आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी** पेश गर्नु पर्नेछ ।

३) खरीद गरिएका बोलपत्रहरु रितपुर्वक भरी सिलबन्दी गरेर मिति २०८३।०३।१८ गते सम्ममा कार्यालय समय भित्र बोलपत्र खरिद गरिएकै कार्यालय/निकायमा दाखिला गर्नु पर्नेछ ।

४) प्रत्येक सह उत्पादन बस्तुको लागि अलग अलग कबोल रकम बोलपत्रमा उल्लेख गर्नुपर्ने र बेग्लाबेग्लै लटको लागि बेग्लाबेग्लै बोलपत्र सिलबन्दी गरी पेश गर्नु पर्नेछ र खाममा लट नं. र फर्मको नाम, शिल (लाहा छाप) को किसिम र थान अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ । उल्लेख नगरेमा त्यस्तो बोलपत्र दर्ता गर्न कार्यालय बाध्य हुने छैन । लटको मूल्याङ्कन गर्दा सोही लटको अधिकतम् कवोल मूल्यलाई आधार मानिने छ ।

५) जसको नाममा बिक्रि भएको बोलपत्र फाराम हो, उसैको तर्फबाट दाखिला गर्नु पर्नेछ । साथै बोलपत्र खरिद कर्ताले अनिवार्य रुपमा आफ्नो **सम्पर्क मोवाइल नं र इमेल ठेगाना** बोलपत्र फारममा उल्लेख गरेको हुनु पर्नेछ ।

६) बोलपत्रको साथमा छुट्टाछुट्टै लटको लागि कबोल गरेको रकमको १०% ले हुने धरौटी रकम, प्रदेश लेखा नियन्त्रक कार्यालय, मोरङको राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, बिराटनगर स्थित खाता नं. २९२०१००२०२०३००००, कार्यालय कोड ३२९०११३०११ मा जम्मा गरी सो को लट अनुसारको छुट्टाछुट्टै सक्कल भौचर वा **कम्तिमा ६ महिना** सम्मको रितपूर्वकको क वर्गको बैंकको बैंक ग्यारेन्टी वा बैंक ड्राफ्ट सिलबन्दी गरिएको खाम भित्र समावेश हुनु पर्नेछ । धरौटी रकम अनिवार्य रुपमा प्रतिस्पर्धा गर्ने फर्मको नामबाट दाखिला भएको हुनुपर्नेछ, व्यक्तिको नाममा दाखिला भएको भौचर मान्य हुने छैन ।

७) बोलपत्र दाखिला गर्ने अवधि सम्ममा नेपाल सरकार/प्रदेश सरकारबाट वन ऐन नियममा यस संग सम्बन्धीत कुनै संशोधन भएमा सोही अनुसार हुनेछ ।

८) बोलपत्रमा सकार रकम, अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

९) बोलपत्रमा र सो सम्बन्धि कागजातमा बोलपत्रदाता वा फर्मको सहीछाप भई नआएमा, सिल खोलिएको वा टुटफुट भएकोमा सो बोलपत्र अमान्य हुनेछ ।

१०) लिलाम बढाबढ हुने उपरोक्त लटको वन पैदावार कार्यालय खुलेको समय भित्र घाटगद्दी स्थलमा गई सम्बन्धीत सव-डि.व.का. संग समन्वय गरी हेर्न सकिनेछ ।

११) दाखिला हुन आएका बोलपत्रहरु मिति २०८३।०३।१९ गते विहान ११:०० बजे यस कार्यालयमा खोलिने छ ।

१२) **सकारकर्ता फर्मले सकार रकमको साथै मु.अ.कर समेत तिर्नुपर्नेछ ।** सकारकर्तले लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको मितिले बढिमा दिन ४५ (पैतालिस) भित्र **सकार गरेको रकम** (विविध खाता नं. २१२०१००२०२०६०००० कोड नं ३२९०११३०११ खातावालको नाम- प्र.ले.नि.का. विराटनगर) मा र **मु.अ.कर** (आ.रा.का.मोरङ खाता नं.१०००१००२०००१०००० कोड नं. ३०५०४१३०१ शिर्षक नं. ३३३१७) मा वा तोकिएको खातामा दाखिला गर्नु पर्नेछ ।

१३) सम्बन्धित कार्यालयहरुबाट बिक्रि नभएको बोलपत्र दाखिला भएमा वा बेचिएको बोलपत्रको फोटोकपी दाखिला गरेमा सो बोलपत्र अमान्य हुनेछ ।

१४) म्याद नाघी, शर्त राखी वा रित नपुगी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरीने छैन ।

१५) बोलपत्र सम्बन्धि प्रकाशित सूचनामा उल्लेखित शर्तहरु उलङ्घन भएमा बोलपत्र अमान्य हुनेछ ।

१६) बोलपत्र सदर वा बदर गर्ने अधिकार, अधिकार प्राप्त अधिकारीमा निहीत रहनेछ ।

१७) उपर्युक्त सूचना सम्वन्धमा कुनै कुरा हेरफेर वा संसोधन गर्नु परेमा यस कार्यालयले गर्न सक्नेछ । सो को जानकारी यस कार्यालयको वेवसाइट dfomorang.koshi.gov.np बाट गराइनेछ ।

१८) अन्य शर्तहरुको हकमा प्रचलित ऐन, नियम र वन पैदावार संकलन तथा विक्री वितरण निर्देशिका, २०७३ अनुसार हुनेछ ।

**ईति सम्बत् २०८३ साल जेष्ठ २८ गते रोज ५ शुभम् ।**